मितिः २०८२/११/२६ ,१[illegible]पालिका बैठकका निर्णयहरुः-

<u>निर्णय नं. -१,</u>

पुतलीबजार नगरपालिका वडा नं. ५ कटुन्जे स्थित सामुदायिक भवनको झ्याल र ढोकाका लागी प्राबिधिक लागत अनुमान वमोजिमको आबस्यक बजेट /रकम सम्बन्धित शिर्षकबाट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. -२,</u>

पुतलीबजार नगरपालिका- ११, स्थित पानीचौतारा /विमराबोट स्थित २०० रोपनी खेतीयोग्य सिंचाइको लागि रु. १००,०००। बजेट उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. -३,</u>

एक वडा एक नर्सरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. -४,</u>

यस नगरपालिका द्वारा यसपुर्ब गरिएको निर्णय कार्यन्वयन तथा प्रगतिको अवस्थाको संबन्धमा बैठकमा छलफल गर्दा सन्तोषजनक रहेको पाइयो र केहि कार्यन्वयन हुन बाकी योजना तथा कार्यक्रम यथाशिघ्र सम्पादन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. -५,</u>

स्थानीय शासन कार्यसम्पादन मूल्याङकन प्रणाली बमोजिम निर्दिष्ट आधारहरु बमोजिम आर्थिक वर्ष २०८१/०८२ का पुष्टयाईका प्रमाणहरु संकलन गरि आगमी चैत्र १५ गते भित्र एकिकृत रुपमा अनलाईन प्रविष्टिको प्रबन्ध गर्ने निर्णय गरियो।-

<u>निर्णय नं. -६,</u>

नगरपालिकाद्धारा विनियोजितबिनियिजित बजेट बाट नौमति वाजा बजाउने तालिमका लागि निर्दिष्ट मापदण्डको आधारमा सहभागी छनौट गरी पठाउनु पर्नेमा केहि वडाबाट हालसम्म सहभागी छनौट भई आइनसकेकोले (५, ६ र १४ बाट) तत्काल महिला ९/९ जना र पुरुष १/१ जना गरी १०/१० जनाको सहभागी टिम छनौट गरी पठाउन सम्बन्धित वडालाई पत्राचार गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

निर्णय नं. -७.

मुख्मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशबाट स्वीकृत नवप्रवर्द्धन साझेदारी परियोजनाको मुस्लिम समुदाय लक्षित चुरापोते निर्माण उद्यम विकास तथा व्यवसाय परियोजनाका लागि लक्षित समुदायमा लक्षित वडा मार्फत वडावासी दक्ष/अगुवा,१०/१० जना, व्यवसायी तथा उद्यमी एवं समाज सेवी प्रतिनिधिहरुको मनोनयन/छनौट गरी तत्काल निर्दिष्ट ढाँचामा यथाशिघ्र पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. -८.

कृषि स्नातक -१,wash सवईन्जिनियर -१, स.क.अ. -१ र सफाई केन्द्रमा चौकीदार १ जना जनशक्ति सेवा करारमा भर्ना तथा छनौटको प्रबन्ध गर्ने निर्णय गरियो ।

निर्णय नं. -९.

पुतलीबजार नगरपालिका -१४ स्यानीचौर स्थित खानेपानी कुवा निर्माण तथा सुधार गरी स्वच्छ खानेपानी व्यवस्थापनको लागि रु१२००००/- वजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख